आज मिति २०७५/१०/१० गते बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थितिमा देहायका प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री मेघनाथ पाध्या | प्रमुख.प्र.अधिकृत | बुद्धभूमी न.पा. | |
| ४ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ५ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ६ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ७ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ८ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ९ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| १० | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| ११ | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| १२ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १३ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १४ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १५ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १६ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | |
| १७ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | |
| १८ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ५ | |
| २० | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ६ | |
| २१ | श्री रामदेव पासी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. २ | |

Scanned by CamScanner

# बुद्धभूमी नगर कार्यपालिकाको मिति २०७५।१०।१० गतेको प्रस्ताव तथा निर्णयहरु

**१. चौथो नगर सभाको तयारी सम्बन्धमा**

**निर्णयः** यस बुद्धभूमी नगरपालिकाको चौथो साधारण सभा मिति: २०७५ माघ १८ गते दिउसो १:०० बजे देखि वडा नं. २ गोरूसिगें होटल मायाजमा संचालन हुने निर्णय भए बमोजिम्र यस नगरपालिका अन्तर्गतका सबै विषयगत समितिहरुबाट हाल सम्म भए गरेका विषयगत प्रगति समिक्षा गरि नगर सभाको तयारी र व्यवस्थापन गर्ने साथै आ.व.०७५।७६ मा यस कार्यपालिकाबाट स्वीकृत गरेका नियम, कार्यविधी र निर्णय समेतलाई नगरसभाबाट अनुमोदनको लागि सिफारिस समेत गर्ने निर्णय गरियो।

**२. नदीजन्य पदार्थको ठेक्का सम्बन्धमा।**

**निर्णयः** यस बुद्धभूमी नगरपालिका अर्न्तगत खोला तथा नदिहरूबाट नदीजन्य पदार्थ संकलन र व्यवस्थापनको लागि मिति २०७५।२।२३ गते प्रकाशित सूचना गरिएको भएता पनि विविध कारणहरूले IEE गर्न ढिलाई भएको र २०७५ पुषमा IEE प्रतिवेदन स्वीकृत भई ठेक्का व्यवस्थापनको लागि बोलपत्र आव्हानको सूचना समेत भै सकेको सार्वजनिक खरिद नियमावली अनुसार ठेक्का सम्झौता गर्न कम्तिमा पनि माघ २३ गते सम्म लाग्न सक्ने र विकास निर्माणका काम कारवाहीको लागि नदीजन्य पदार्थको माग तीव्र भैसकेको हुनाले प्रदेश नं. ५ ले जारी गरेको नदीजन्य पदार्थ सम्बन्धी कार्यविधि अनुसार घाटगद्दीको नापजाँच र स्वीकृति हुने गरी फागुन, चैत्र, बैशाख महिनामा प्रत्येक महिनामा घाटगद्दी गरिएको परिमाण विक्री गर्न अनुमति दिने निर्णय गरियो। सोही अनुसार तयार भएको कार्ययोजना यस बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो साथै थप प्रक्रियाको लागि जिल्ला समन्वय समिति मार्फत जिल्ला अनुगमन तथा व्यवस्थापन समितिमा पठाउने निर्णय गरियो।

**३. बुद्धवाटिका निर्माणको बजेट कार्यान्वयन सम्बन्धमा।**

**निर्णयः** आ.व.०७५।७६ मा संघको शसर्त अनुदान स्वरुप प्राप्त भएको बजेट र यस नगरपालिकाको चालु आ.व.०७५।७६ को स्वीकृत बार्षिक कार्यक्रमको संस्कृति प्रवर्धन (धार्मिक संरचना निर्माण) अन्तर्गत सि.नं.४ मा रहेको बुद्धबाटिका पार्क निर्माणको लागि संघको बजेट रु.१५ लाख र यस नगरपालिकाको बजेट रु.५ लाख गरि २० लाख विनियोजन भएको मा सो कार्यक्रमको लागि स्वीकृत कार्यक्रममा यसै नगरपालिकाको वडा नं. २ मा रहेको पुरैना चउरमा गर्ने र सो कार्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने निर्णय गरियो।

**४. नगर बस्तुस्थिति विवरण तयारी कार्यविधि २०७५ सम्बन्धमा।**

**निर्णयः** संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.३०४, मिति २०७५।०९।०५ अनुसार स्थानीय तहका तथ्यांक, सूचना संकलन, प्रसोधन ऐवं विश्लेषणमा एकरुपता र स्तरीयता कायम गर्नुका साथै तथ्यांकहरुमा आधारित योजना तर्जुमा तथा निर्णय लिन सहजता ल्याउने उद्देश्यले जारी गरिएको गाउँ/नगर बस्तुस्थिती विवरण तयारी कार्यविधी, २०७५ अनुसार यस नगरपालिकाको बस्तुगत स्थिती प्रोफाईल तयार गर्ने र सो को लागि प्राप्त गर्नु पर्ने विवरणहरुलाई प्रत्येक वडाहरुबाट यही माघ मसान्त भित्र वडाहरुलाई पहिला उपलब्ध गराईएको ड्राफ्ट नगर प्रोफाईलाई पूर्णता दिई माघ २५ गते सम्म सम्पूर्ण तथ्यांकहरु उपलब्ध गराउने र सोही अनुसार नगर प्रोफाईललाई पूर्णता दिई छपाईको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

५. **IEE को बजेट संसोधन सम्बन्धमा।**

**निर्णय:** यस नगरपालिकाको आ.व.०७५।७६ को स्वीकृत बार्षिक कार्यक्रमको कन्टिन्जेन्सीबाट संचालित योजना तथा कार्यक्रमहरुको सि.नं.७ मा IEE नदीजन्य पदार्थको बजेट रकम रु.६ लाख बिनियोजन भएको र मिति:२०७५।०३।०८ लुम्बिनी सामाजिक विकास केन्द्र, अर्घाखाँचीसंग भ्याट बाहेक रु.५,८०,०००।- मा सम्झौता भएकोले भ्याट सहित हुन आउने रकम ६,५५,४००।- हुने भएकोले नपुग रकम रु.५६,०००।- सोही कन्टजेन्सी तर्फको शिर्षक नं. -६ को गाडी मोटरसाईकल मर्मत सम्भार बाट थप बजेट व्यवस्थापन गरी संसोधन गर्ने निर्णय गरियो।

६. **सामुदायिक बन र साझेदारी वनहरुको सम्बन्धमा ।**

**निर्णय:** यस नगरपालिका अन्र्तगत रहेका सामुदायिक वन, साझेदारी वनहरूबाट काठ, दाउरा कटान गरी समूहबाट वित्रफी भई रहेको सन्दर्भमा पर्यावरण समेतमा प्रभाव पार्ने हुँदा सोको न्यूनीकरण योजनाकोलागि सहयोग पुयाउने उद्देश्यबाट प्रत्येक समूहबाट टेण्डर प्रक्रियाबाट काठ दाउरा वित्रफी भएको रकम मध्ये ३ % नगरपालिकामा सेवा शुल्क बुझाउने भनी सबै सामुदायिक वनबाट प्रतिवद्धता जाहेर गरेता पिन कार्यान्वयन हुन नआएको हुँदा सबैलाई पत्राचार गरी अविलम्ब गर्न गराउन अनुरोध गर्ने र आ-आफ्नो बार्षिक आय-व्यय तथा बार्षिक कार्यक्रम समेत पेश गर्न जानकारी गराउने निर्णय गरियो।

७. **नगर स्तरीय मेयरकप खेलकुद सञ्चालन सम्बन्धमा।**

**निर्णय:** यस नगरपालिकाको आयोजनामा यही मिति २०७५।१०।२३ गते देखि सञ्चालन हुने गई रहेको दोस्रो नगर स्तरीय मेयरकप खेलकुद कार्यक्रमको लागि पूर्वघोषित स्थान नगरपालिकाको पूर्व पट्टीको फिल्ड अपर्याप्त भएकोले गत बर्ष नगर स्तरीय मेयर कप खेलकुद सञ्चालन भएको स्थानमा नै गर्ने निर्णय गरियो। साथै खेल सञ्चालनको लागि आवश्यक सम्पूर्ण तयारी नियमनको लागि देहाय बमोजिमको सदस्य रहने गरी तयारी समिति गठन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| **संयोजक** | **श्री कपिलदेव तिवारी** |
| सदस्य | श्री खुमानन्द न्यौपाने |
| सदस्य | श्री गोविन्द प्रसाद आचार्य |
| सदस्य | श्री तेज बहादुर बस्नेत |
| सदस्य | श्री पवन कुमार थारू |
| सदस्य | श्री चिरञ्जीवी आचार्य |
| **सदस्य-सचिव** | श्री खेमराज पौडेल |

८. **भृकुटी मा.वि.को पत्र सम्बन्धमा।**

**निर्णय:** बुद्धभूमी नगरपालिका वडा नं. ४ श्री भृकुटी मा.वि. बुडढीको मिति २०७५।१०।०६ च.नं. ११० को निवेदन अनुसार विद्यालयको स्वर्ण महोसत्वको शुभ अवसरमा, उक्त विद्यालयले विद्यालयलाई जग्गा दान गर्ने दाता श्री तारा बेल्बासे नाम विद्यालयसँग जोडेर थप गर्न विद्यालय व्यवस्थापन सिमितको निर्णय अनुसार पेश भएको हुँदा,तत् सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ परिच्देछ (३) ११ को ज (८) एवं शिक्षा नियमावली २०५९ को परिच्देछ २७ नियम १५४ उपनियम ३ (छैठौ संशोधन) अनुसार श्री तारा प्रसाद शर्मा बेल्बासेको नाममा रहेको जग्गा विद्यालयलाई उपलब्ध गराई प्रक्रिया पुरा भएको देखिएकोले श्री भृकुटी मा.वि. बुडढीमा नाम थप गरी श्री भृकुटी तारा बेल्बासे माध्यमिक विद्यालय बुद्धभूमी -४ बुडढी, कपिलवस्तु नामाकरणको लागि कार्यपालिका बैठकबाट स्वीकृत भई सोको अनुमोदनको लागि चौथो नगर सभामा पेश गर्ने निर्णय गरियो।

...नाथ पाण्डे
प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner

९. **विद्यालयलाई कार्यक्रम बाडफाँड सम्बन्धमा।**

**निर्णयः** यस बुद्धभूमी नगरपालिका अन्तर्गतका माध्यमिक विद्यालयहरूलाई उपलब्ध गराउने शर्शत अनुदान अर्न्तगत रहेका कार्यक्रम कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५/०७६ अनुसार तपसिलका कार्यक्रम तथा विद्यालयहरू छनौट निर्णय गरियो।

| सि.नं. | कार्यक्रम | विद्यालयहरू |
|---|---|---|
| १ | शिक्षण सिकाईमा आ.सी.टी को प्रयोग, कम्प्यूटर, इन्टरनेट कनेक्टिभिटी, इक्यूपमेन्ट तथा किट्स खरिद | १. श्री ने.रा. मा.वि. रनगाई (६,५०,०००।-)<br>२. श्री मा.वि. धनकौली (६,५०,०००।-) |
| २ | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (फिक्सिङ किताब खरिद तथा ई-पुस्तकालय समेत अनुदान) | १. श्री सिद्धार्थ स्मारक मा.वि. भेलाई (६,५०,०००।-)<br>२. श्री मा.वि. इमिलिया (६,५०,०००।-)<br>३. श्री जनकल्याण मा.वि. बरकलपुर (६,५०,०००।-) |
| ३ | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | १. श्री गंगाज्योति मा.वि. पत्थरकोट (६,५०,०००।-)<br>२. श्री मा.वि. महुवाबाबा (६,५०,०००।-) |
| ४ | आधारभूत तह ६-८ गणित विज्ञान र अंग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामाग्री किट्स अनुदान | १. श्री जनज्योति आधारभूत विद्यालय बीरपुर (५०,०००।-)<br>२. श्री ने.रा आधारभूत विद्यालय मोर्मा (५०,०००।-)<br>३. श्री सरस्वती आधारभूत विद्यालय झुसिया (५०,०००।-) |

**१०.विविध**

| क्र.स. | विवरण | सहयोग शिर्षक | सहयोग रकम |
|---|---|---|---|
| १ | बुद्धभूमी नगरपालिका वडा नं. २ गोरूसिंगेमा रहेको सर्पदंश उपचार केन्द्रबाट माग भै आएको सामाग्रीहरू खरिद गर्नको लागि विपद व्यवस्थापन शिर्षकबाट रू. ५,००,०००। (पाँच लाख) विनियोजन गरी आवश्यक पर्ने सामाग्रीहरू खरिद गरी नगरपालिकाबाट उपलब्ध गराउने निर्णय गरियो। | आर्थिक सहायता | ५,००,०००।- |
| २ | बुद्धभूमी नगरपालिका वडा नं. २ गोरूसिंगे हाटबजारमा रहेको शौचालय मर्मत नगरी फोहरमैला व्यवस्थापन गर्न असहज भएको भनी हाटबजार व्यवस्थापन समितिबाट माग भै आएकोले तेस्रो नगरसभा विकास योजनाको फोहोर मैला व्यवस्थापन शिर्षक मध्येबाट रू. १,८३,०००।- उपलब्ध गराइ शौचालय व्यवस्थापनको लागि उपलब्ध गराउने निर्णय गरियो। | आर्थिक सहायता | १,८३,०००।- |
| ३ | बुद्धभूमी नगरपालिका वडा नं. १ बसन्तपुर खानेपानी उपभोक्ता समितिबाट खानेपानीको लागि सोलार साथै पाइप खरिद गरी पिउने पानीको शुलभ व्यवस्थापन मिलाइ दिन माग भए बमोजिम उक्त खानेपानी व्यवस्थापनको लागि खानेपानी आपूर्ति कार्यक्रम शिर्षक नं. ३ बाट रू. ३,००,०००।- तीन लाख विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो। | आर्थिक सहायता | ३,००,०००।- |
| ४ | बुद्धभूमी नगरपालिका वडा नं. ५ बस्ने रूदल केवटको छोरा रोहित केवटको दुवै हात बाँचिएको कारण पिडित भएकोले र आर्थिक अवस्था कमजोर भएकोले वडा कार्यालयको सिफारिस बमोजिम उपचारका लागि रु.५०००।- अर्थिक सहयोग प्रदान गर्ने र निजको शिघ्र स्वास्थ्यलाभको कामना गर्ने निर्णय गरियो। | आर्थिक सहायता | ५०००।- |
| ५ | अखिल नेपाल जनजाति सम्मेलन काठमाण्डौले चौथो राष्ट्रिय महाधिवेशनको लागि आर्थिक सहयोग लागि रू. ३०००।- उपलब्ध गउराउने निर्णय गरियो। | आर्थिक सहायता | ३०००।- |

मेघनाथ पाण्डे
प्रमुख प्रशासकिय अधिकृत
(उपसचिव)

Scanned by CamScanner

बुद्धभूमी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

| | | | |
|---|---|---|---|
| ६ | बुद्धभूमी नगरपालिका वडा नं. १० विजगौरीमा धनुषा जग्गी मेला हुने भएकोले उक्त धनुषा जग्गा मेलाको लागि ५०००।- उपलब्ध गराउने निर्णय गरियो। | आर्थिक सहायता | ५०००।- |
| ७ | बुद्धभूमी नगरपालिका वडा नं. १० बस्ने राम औतार केबटको सानी आमाको पेट रोग समस्याको कारण पिडित भएकोले निजको उपचारार्थ रु.५०००।- आर भएकोले उपचारका लागि आर्थिक अर्थिक सहयोग प्रदान गर्ने र निजको शिघ्र स्वास्थ्यलाभको कामना गर्ने निर्णय गरियो। | आर्थिक सहायता | ५,०००।- |
| ८ | बुद्धभूमी नगरपालिका वडा नं. ६ बस्ने इसहाक नाउ मुसलमानको पिसाब थैली (किडनी) रोग समस्याको कारण पिडित भएकोले निजको उपचारार्थ रु.५०००।- आर भएकोले उपचारका लागि आर्थिक अर्थिक सहयोग प्रदान गर्ने र निजको शिघ्र स्वास्थ्यलाभको कामना गर्ने निर्णय गरियो। | आर्थिक सहायता | ५,०००।- |
| ९ | बुद्धभूमी नगरपालिका वडा नं. ६ बस्ने नूरजहा खातुन मुसलमानको दीर्घ (एपन्डाईडीस) रागे समस्याको कारण पिडित भएकोले निजको उपचारार्थ रु.५०००।- उपचारका लागि आर्थिक अर्थिक सहयोग प्रदान गर्ने र निजको शिघ्र स्वास्थ्यलाभको कामना गर्ने निर्णय गरियो। | आर्थिक सहायता | ५,०००।- |
| १० | बुद्धभूमी नगरपालिका वडा नं.९ बस्ने रामप्रसाद अहिरको छोरा महेन्द्र प्रसाद यादवको पेटको क्यान्सर रोगबाट ग्रसित भएकोले निजको उपचारार्थ रु.५०००।- उपचारका लागि आर्थिक अर्थिक सहयोग प्रदान गर्ने र निजको शिघ्र स्वास्थ्यलाभको कामना गर्ने निर्णय गरियो। | आर्थिक सहायता | ५,०००।- |
| ११ | बुद्धभूमी नगरपालिका वडा नं. ५ बस्ने पुन्नवासी यादवको मास्ष्टिक सन्तुलन ठीक नभएकोले निजको उपचारार्थ रू. ५०००।- उपचारका लागि आर्थिक सहयोग प्रदान गर्ने र निजको शिघ्र स्वास्थ्यलाभको कामना गर्ने निर्णय गरियो। | आर्थिक सहायता | ५०००।- |
| १२ | बुद्धभूमी नगरपालिका वडा नं. १ बस्ने प्रविन चौधरीले ब्रोल लिपी मा अध्ययन गर्ने भएकोले निजको घरको आर्थिक अवस्था कमजोर भएकोले पढाईलाई निरन्तरता दिनको लागि रू. ५०००।- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो। | आर्थिक सहायता | ५०००।- |

मेघनाथ पाध्या
प्रमुख प्रशासकिय अधिकृत
(उपसचिव)

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

बुद्धभूमी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय, बढ्ढी कपिलवस्तु
५ नं. प्रदेश, नेपाल
२०७३

## नदीजन्य पदार्थको निकासि तथा ठेक्का व्यवस्थापनको

## कार्ययोजना (आ.व. ०७५।७६)

| क्र.सं. | खोला | नदीजन्य सामाग्री निकाल्न सकिने क्षेत्र | निकाल्न सकिने बार्षिक परिमाण (घ.मि.) | जम्मा ट्राली | अनुमानित बार्षिक आम्दानी | नदीजन्य पदार्थ संकलनको विधि | घाटगद्दीको लागि आवश्यक क्षेत्रफल | घाटगद्दी हुनसक्ने ( दैनिक ट्रलि कम्तिमा) | घाटगद्दी गर्न लाग्न सक्ने दिन | संकलन गर्न लाग्ने समय (अनुमानित) माघ | | फागुन | | | | | चैत्र | | | | | घाटगद्दीबाट नदीजन्य सामग्री बिक्रि | न.पा. अनुगमन | | | घाटगद्दी गरिएको नदिजन्य पदार्थको बिक्रि को लागि अनुगमन तथा व्यवस्थापन समितिबाट स्वीकृती |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | ४ | ५ | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | | माघ | फागु | चैत्र | |
| १ | वाणगंगा खोला | कटनहवाघाट क्षेत्र | ३३० | ११६ | ६९८७४.२ | संकलनको लागि हाते औजारको प्रयोग र ढुवानीको लागि ट्याक्टर टृकको प्रयोग | २ कट्ठा | २० | ६ | | | | | | | | | | | | | फागुन तेस्रो हप्ता सम्म | | | | फागुन पहिलो हप्ता भित्र |
| | | मलवाघाट देखी रामघाट रामजानकी मन्दिर पश्चिम सम्म | ३९६० | १३९७ | ८३८४९० | | ८ कट्ठा | ५० | २८ | | | | | | | | | | | | | | | | | फागुन तेस्रो हप्ता भित्र |
| | | तिलौरीघाट क्षेत्र | ६६० | २३२ | १३९७४८ | | ३ कट्ठा | २० | १२ | | | | | | | | | | | | | | | | | फागुन दोस्रो हप्ता भित्र |
| | | खारखानी क्षेत्र | ४९५ | १७४ | १०४८११ | | २.५ कट्ठा | २० | ९ | | | | | | | | | | | | | | | | | फागुन पहिलो हप्ता भित्र |
| | | **जम्मा** | ५४४५ | १९१९ | ११५२९२४ | | | | | | | | | | | | | | | | | | | | | |
| २ | झिगवा खोला | बुद्धभूमी नगरपालिका वडा नं. ३ बक्तपुर गाउँको चमर टोल देखी उत्तरमा अर्घाखाँचीको सिमाना बनसट्ठी सम्म ( शितगंगा नगरपालिका वडा नं. ११) | १९९६५ | ७०४३ | ४२२७३८९ | | २२ कट्ठा | १०० | ७० | | | | | | | | | | | | | घाटगद्दी पछि | | | | घाटगद्दी पश्चात |
| ३ | गुडरुङ खोला | ठाकुरापुर मगुरघाट देखी दक्षिणी पजगै हुदै चरिगवा सम्म | ६२७० | २२१२ | १३२७६१० | | ११ कट्ठा | १०० | २२ | | | | | | | | | | | | | फागुन तेस्रो | | | | फागुन तेस्रो हप्ता भित्र |
| ४ | फुन्द्रा खोला | बुद्धभूमी नगरपालिका वडा नं. १ टिक्कर बाट कोन्द्रे जाने सडक देखी उत्तरमा अर्घाखाँचीको सिमाना पत्थरकोट बाट कोन्द्रे जाने सडक सम्म | १५६७५ | ५५३० | ३३१९०२५ | | १६ कट्ठा | १०० | ५५ | | | | | | | | | | | | | फागुन मसान्त सम्म | | | | घाटगद्दी पश्चात |
| ५ | अगिया | बुद्धभूमी नगरपालिका वडा नं. ९ जमुनीटिहा देखी उत्तरमा अर्घाखाँचीको सिमाना रातो पहरा सम्म (शितगंगा नगरपालिका वडा नं. ११) | २६४०० | ९३१३ | ५५८९९३६ | | २६ कट्ठा | १३० | ७२ | | | | | | | | | | | | | घाटगद्दी पछि | | | | घाटगद्दी पश्चात |
| | | जम्मा | ७९२०० | २७९३६ | | | | | | | | | | | | | | | | | | | | | | |

Scanned by CamScanner